# क्वारेन्टिन-स्थल अनुगमनका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI) रुजुसूची

**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्वारा युएन वुमनको सहकार्यमा यस रुजुसूचीलाई तयार पारी वितरण गरिएको हो**

*हरेक संकटको अवस्थाले महिला तथा किशोरीहरूका लागि निम्त्याउने असर पुरुष तथा किशोरमा पर्ने असरभन्दा फरक हुन्छ, र उमेर, अपाङ्गता, यौन अभिमूखीकरण तथा लैङ्गिक पहिचान, जात, जातियता, वा धर्मजस्ता अन्य कुराले ती नकारात्मक असरहरूलाई अझै बढाइदिन्छ । लामो समयदेखि विद्यमान सामाजिक संरचना, मूल्यमान्यता, विभेद एवं कुरीतिका साथै लैङ्गिक भूमिकाका कारण बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एचआइभी/एड्स संक्रमित, किशोरी, एकल महिला, महिला घरमूली भएका परिवार, गर्भवती तथा स्तनपान गराईरहेका महिला, जेष्ठ नागरिक, दलित महिला, धार्मिक तथा जातिय अल्पसंख्यक महिला र आदिवासी महिला जस्ता समुदायका केहि सदस्यले थप जोखिमको सामना गर्नु परिरहेको हुन्छ । आधारभूत सेवा, सूचना, आर्थिक जीविकोपार्जन र योजना तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागितामा महिला, किशोरी तथा लैङ्गिक अल्पसंख्यकहरूको पहुँचको क्षमतालाई पनि लैङ्गिक असमानता र विभेदले अवमूल्यन गरिदिन सक्छ । यस अतिरिक्त, उनीहरू प्रायः यौन तथा लैङ्गिकतामा आधारित हिंसाको बढी जोखिममा हुने गर्छन् ।*

**यस रुजुसूचीको उद्धेश्य :** यो रुजुसूची एक व्यावहारिक साधन हो, जसले महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक समुदायका व्यक्ति एवं अन्य संकटासन्न र पछाडि पारिएका समूहका लागि क्वारेन्टिन केन्द्रहरूमा विद्यमान सुरक्षा, आत्मसम्मान र सेवासम्बन्धी व्यवस्थाहरूको लेखाजोखा गर्छ ।

**अनुगमन टोलीको संरचना :** लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अनुगमनका लागि एक समर्पित अनुगमन टोलीको गठन गर्नु आवश्यक हुन्छ । उक्त टोलीमा स्थानीय सरकारका प्रतिनिधि, महिला समूह, लैङ्गिकतासम्बन्धी विज्ञ, महिला अधिकार रक्षक, मानवअधिकार निकाय, संकटासन्न र पछाडि पारिएका समूहका सञ्जालहरूका प्रतिनिधि, मानवधिकार आयोग र महिला आयोगका स्थानीय प्रतिनिधि लगायत समावेश भएको हुनु पर्दछ । स्थलगत अनुगमनका साथसाथै अप्रत्यक्ष अनुगमन (फोन, मोबाइल र अनलाइनमार्फत्) गर्न र त्यसपछि सो अनुगमनका परिणामहरूबारे छलफल गर्नका लागि बैठकहरू सञ्चालन गर्न सिफारिस गरिन्छ ।

त्यसका साथै, आएका सुझावहरूलाई सम्बन्धित संघीय, प्रदेश तथा स्थानीय सरकार, संयुक्त राष्ट्रसंघीय निकायहरू र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (सहसचिव मनमाया पंगेनी manamayapangeni@gmail.com र सीता निरौला niroula.sita2014@gmail.com)मा उपलब्ध गराउनु पर्नेछ । अनुगमन प्रतिवेदनका आधारमा, युएन वुमन र मानवीय अन्तर-क्लस्टर टोलीको सहकार्यमा आगामी कदमहरूको योजना तर्जुमा गरिनेछ ।

**केन्द्रको नाम :**

**ठेगाना :**

**प्रदेश :**

**अनुगमन मिति :**

| रुजुसूची | छ (भएको) | छैन (नभएको) | सुधार आवश्यक छ |
|---|---|---|---|
| **१. तथ्याङ्क, रेकर्ड राख्ने तरिका तथा सूचना** | | | |
| १.१ के यस केन्द्रमा लिङ्ग, उमेर, लैङ्गिकता, विविधताका आधारमा विभाजित तथ्याङ्क राख्ने गरिएको छ ? | | | |
| १.२ के यस केन्द्रबाट सेवा प्राप्त गरेका सबै व्यक्तिहरूबारे यस केन्द्रले विस्तृत विवरण राखेको छ ? | | | |
| १.३ के ती रेकर्डले संकटासन्न र पछाडि पारिएका समूहका व्यक्तिहरूको विस्तृत पृष्ठभूमि दर्शाउँछ ? (जस्तै, जात, जातियता, उमेर, अपाङ्गताको अवस्था, लैङ्गिक एवं यौनिक अल्पसंख्यक, एकल महिला, नवजात शिशुको आमा, अभिभावकबाट छुट्टिएका बालबालिका, एचआइभी/एड्स संक्रमित, घर फर्किरहेका आप्रवासी, एकल बाबु, आदि) | | | |
| १.४ के यस केन्द्रले सामान्य मापदण्डको जानकारी सबैका लागि उपलब्ध गराउने गरेको छ ? (उदाहरणका लागि, क्वारेन्टिन केन्द्रसम्बन्धी मार्गनिर्देश र कोभिड-१९ रोकथाम तथा प्रतिकार्यबारे जानकारी, रोगको परीक्षण लगायत सरकारले उपलब्ध गराउने सेवाहरूबारे जानकारी, स्वास्थ्य, व्यक्तिगत सरसफाई, बसोबासको व्यवस्था, गर्भवती महिला र नवजात शिशुका लागि खानपानमा सहयोग, संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सावधानीका उपायहरू, यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडनबारे जानकारीयुक्त सामाग्री, आदि)। | | | |
| १.५ के जानकारी तथा सूचना पहुँचयुक्त छन् र ती देखिने गरी राखिएका छन् ? | | | |
| १.६ के यस केन्द्रले अस्पताल, चिकित्सक, परामर्श, मनो-उपचार, कानूनी सहायता, हटलाइन (राष्ट्रिय महिला आयोग-११४५, बाल हेल्पलाइन-१०९८, प्रहरी-१००), क्वारेन्टिन केन्द्र प्रमुख, आदिका सम्पर्क विवरण उपलब्ध गराउँछ ? के ती जानकारी तथा सूचना देखिने गरी राखिएका छन् ? | | | |
| १.७ के यस केन्द्रले वर्षाको मौसममा आउनसक्ने बाढी र पहिरोको पूर्वतयारीबारे जानकारी दिने गरेको छ ? (उदाहरणका लागि, विगतमा यो क्षेत्र कसरी प्रभावित भएको थियो, यस केन्द्रलाई भारी वर्षा, बाढी, पहिरोले असर पार्ने अवस्थामा कुन निर्धारित ठाउँमा जाने)। | | | |
| १.८ झाडापखाला, हैजा, आउँ, छालाका रोग जस्ता पानीजन्य रोगहरूसँग लड्नका लागि सुरक्षित खानेपानीबारे सचेतनापूर्ण जानकारी र लामखुट्टेबाट सर्ने भाइरल रोगहरू (डेंगु)बाट आफूलाई सुरक्षित कसरी राख्ने भन्नेबारे जानकारी दिइन्छ ? | | | |
| १.९ के क्वारेन्टिन केन्द्रमा कार्यरत कर्मचारी र स्वयंसेवकहरू लगायतलाई उनीहरूको पोशाक वा नामसहितको ब्याजबाट चिन्न सकिन्छ ? | | | |
| १.१० के यस केन्द्रले कुनैपनि विभेदविरुद्ध सून्य सहनशिलताबारे जानकारी प्रदान गर्छ (जस्तै, फरक जातका व्यक्तिविरुद्धको विभेद, महिनावारी भइरहेका महिला, गर्भवती, एकल महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, कोभिड-१९ संक्रमित वा संक्रमणको शंका भएका व्यक्तिविरुद्धका विभेद)? | | | |
| १.११ के यस केन्द्रले डर, चिन्ता र तनाव न्यूनीकरण गर्ने तरिकाहरू, आफ्नो हेरचाह गर्ने, भौतिक रुपमा एकान्तबासमा भएपनि सम्पर्कमा रहिरहने, अब के हुन्छ भन्नेबारे र आगामी कदमहरूबारे सुसूचित रहने तरिकाहरूबारे जानकारी प्रदान गर्ने गरेको छ ? | | | |
| **२. व्यक्तिगत सरसफाईका सामाग्रीको उपलब्धता** | | | |
| २.१ के महिला, किशोरी, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई आवश्यक पर्ने व्यक्तिगत सरसफाईका सामाग्रीहरू पर्याप्त रुपमा र स्यानिटरी प्याड, मास्क, पानी शुद्धीकरण गर्ने ट्याब्लेट, ह्याण्ड-स्यानिटाइजर, नुहाईधुवाईका सामाग्री लगायत अन्य व्यक्तिगत प्रयोगका लागि आवश्यक सामाग्री एवं बालबालिकाका लागि मनोरञ्जनका सामाग्री, आदि उपलब्ध गराइएका छन् ? | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| २.२ नजिकिँदो वर्षालाई मध्यनजर गर्दा, के यस केन्द्रमा पर्याप्त झुल/लामखुट्टेबाट बचाउने कोइल वा अन्य सामाग्री, छाता र रेनकोट छन् ? | | | |
| **३. पर्याप्त तथा पोषणयुक्त खाना** | | | |
| ३.१ के महिला, बालबालिका, पछाडि पारिएका समूहका व्यक्तिहरू, स्वास्थ्यसम्बन्धी विशेष आवश्यकता भएका व्यक्तिहरूलाई पोषिलो, सफाईयुक्त तरिकाले पकाइएको खाना र कम्तीमा पनि दुईपटक पूर्ण आहारसहित नास्ताहरू उपलब्ध गराइन्छ ? | | | |
| ३.२ के गर्भवती महिला, स्तनपान गराइरहेका महिला, नवजात शिशु र साना बालबालिका (विशेषगरी ६-२३ महिनाका)ले गुणस्तर र मात्राका हिसाबले उपयुक्त साथै सामान्य मापदण्ड अनुसारको आहारमा पर्याप्त पहुँच पाएका छन् ? | | | |
| ३.३ के कोभिड-१९को शंका, सम्भावना वा पुष्टि भएको आमाबाट जन्मिएका नवजात शिशुका लागि संक्रमण रोकथाम र नियन्त्रणका आवश्यक सावधानी उपनाउँदै, उनीहरूलाई खाना खुवाउने मार्गनिर्देश अनुसारका सामान्य मापदण्ड अनुरुप स्याहार उपलब्ध गराइएको छ ? | | | |
| ३.४ के सबै गर्भवती महिला र नवजात शिशु र साना बालबच्चा भएका आमाहरूलाई स्तनपानसम्बन्धी परामर्श, आधारभूत मनोसामाजिक सहयोग र व्यावहारिक खाना उपलब्ध गराइन्छ ? | | | |
| **४. खानेपानी तथा सरसफाई र पूर्वाधार सुविधा** | | | |
| ४.१ के महिला, पुरुष र यौनिक अल्पसंख्यकका लागि अलग-अलग शौचालय र व्यक्तिगत सरसफाई गर्ने स्थानको सुविधा छ ? | | | |
| ४.२ अलग कोठा उपलब्ध गराउन नसकिने स्थानमा, के पर्दा वा अन्य छेकबारद्वारा कोठालाई छुट्टाइएको छ ? के शौचालयहरूमा राती पर्याप्त बत्ती हुनेगर्छ ? | | | |
| ४.३ के यो केन्द्र गर्भवती महिला, आपड्गता भएका महिला, एचआइभी/एड्स संक्रमित महिला, स्वास्थ्यमा जटिलता भएका व्यक्ति र यौनिक अल्पसंख्यकहरूका लागि पहुँचयुक्त छ ? | | | |
| ४.४ के व्यक्तिगत सरसफाई कायम राख्नका लागि आवश्यक सफा पानी, लुगा धुन, प्रयोग गरिएका टिस्यु र प्याड मिल्काउनका लागि उपयुक्त स्थान जस्ता कुरामा पहुँच छ ? | | | |
| **५. बन्दोबस्ती/यातायातसम्बन्धी सहयोग** | | | |
| ५.१ के यस केन्द्रसम्म आउनजानका लागि यातायात सुविधा उपलब्ध गराइन्छ ? (जस्तै, डिस्चार्ज भएपछि आ-आफ्नो घर फर्किनका लागि) | | | |
| ५.२ के यस केन्द्रमा पीपीई, चिकित्सीय सामाग्री, थर्मल थर्मोमिटर, स्टेथोस्कोप, रक्तचाप नाप्ने मसिन, मास्क, स्यानिटाइजर, पञ्जा, हाइपोक्लोराइट आदि जस्ता आवश्यक बन्दोबस्तीका सामान छन् ? | | | |
| **६. बचाव तथा सुरक्षा** | | | |
| ६.१ के बसोबास गर्ने स्थानको प्रवेशद्वार र वरपरका सडक क्षेत्रमा पर्याप्त बत्ती छन् ? | | | |
| ६.२ के पर्याप्त सुविधा छ ? | | | |
| ६.३ के अभिभावकविहिन बालबालिका र किशोरकिशोरीलाई क्वारेन्टिन केन्द्रका कर्मचारीद्वारा संरक्षण उपलब्ध गराइन्छ र के आमाबुवा वा अभिभावकसँग सम्पर्क गर्न सहयोग गरिन्छ ? | | | |
| ६.४ के अपाड्गता भएका व्यक्तिहरूको सुरक्षा र पहुँचका उपायहरू अवलम्बन गरिएका छन् ? | | | |

| | | | |
|---|---|---|---|
| ६.५ के बसोबास, शौचालय र व्यक्तिगत सरसफाईका स्थानमा पर्याप्त बत्ती, सुरक्षाका लागि साँचो लगाउनमिल्ने व्यवस्था र नीजिपना (भित्रबाट चुकुल लगाउने, भित्र र बाहिरबाट साँचो लगाउनमिल्ने, चुकुल लगाउनमिल्ने झ्याल, महिनावारीसम्बन्धी सरफाईको उचित व्यवस्थापन, नवजात शिशुको स्याहार र सरसफाईका लागि स्थान, पुरुष शौचालय वा बसोबासस्थान नजिक महिला शौचालय नभएको वा त्यहाँबाट गुज्रेर जानु नपर्ने, नुहाउने स्थानमा बन्द छत वा पारदर्शी भित्ता नभएको) छन् ? | | | |
| ६.६ के नुहाउने स्थान बसोबास गर्ने स्थानबाट सक्दो नजिक वा बसोबासको स्थानभित्र नै रहेको छ ? | | | |
| ६.७ के यस केन्द्रले महिला सुरक्षा अधिकारी, महिला स्वास्थ्यकर्मी, क्वारेन्टिन केन्द्रका महिला कर्मचारी र सुरक्षागार्डबाट सेवा लिने गरेको छ ? | | | |
| **७. दूरी कायम गर्ने** | | | |
| ७.१ के यस केन्द्रका व्यक्तिहरूले साझा स्थल र कोठाभित्रपनि एकअर्का बीचको दूरी (१-२ मीटर) कायम गर्ने गरेका छन् ? | | | |
| **८. विभेद, हेयभाव हटाउनका लागि प्रयास** | | | |
| ८.१ के यस केन्द्रमा जात, उमेर, लैङ्गिकता, जातियताका आधारमा वा एकल महिला, अपाङ्गता भएका व्यक्ति, एचआइभी/एड्स संक्रमित व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति, गर्भवती महिला, स्तनपान गराइरहेका महिला, महिनावारी भइरहेका महिला वा किशोरी, वा कोभिड-१९को शंका/संक्रमण भएका व्यक्तिजस्ता अन्य संकटासन्नताका आधारमा कुनै व्यक्तिविरुद्ध विभेद भएको जानकारीमा आएको छ/सूचित गरिएको छ ? | | | |
| ८.२ के तिनको न्यूनीकरणका उपायहरू अवलम्बन गरिएका छन् ? | | | |
| ८.३ के महिला, किशोरी तथा संकटासन्न समूहप्रति सेवा प्रदायकहरूको व्यवहार सन्तोषजनक छ ? | | | |
| **९. सामाजिक सहायताका स्रोत/मनोरञ्जनात्मक क्षेत्र** | | | |
| ९.१ के यस केन्द्रमा मनोरञ्जनात्मक क्षेत्र, पढ्नका लागि सामाग्री, भित्र बसेर गर्नसकिने क्रियाकलाप, योगा, नृत्य, टिभी र रेडियो उपलब्ध छन् र के तिनमा  महिला, किशोरी र बालबालिकाले आपसी दूरी कायम राख्दै समान रुपमा पहुँच गर्न सक्छन् ? | | | |
| **१०. लैङ्गिकतामा आधारित हिंसा, यौन उत्पीडन, दुर्व्यवहार तथा शोषणको रोकथाम** | | | |
| १०.१ के यस केन्द्रमा लैङ्गिकतामा आधारित हिंसा, यौन उत्पीडन, दुर्व्यवहार तथा शोषणको रोकथामका लागि आचारसंहिता छ ? | | | |
| १०.२ के यहाँका कर्मचारीहरूले आचारसंहितामा सहमति जनाएका छन् र लैङ्गिकतामा आधारित हिंसा, यौन उत्पीडन, दुर्व्यवहार तथा शोषणको रोकथामबारे उनीहरूमा आधारभूत ज्ञान छ ? | | | |
| १०.३ के यहाँ हटलाइन र हेल्पलाइनका फोन नम्बर लगायतका आवश्यक जानकारी भएका सूचना सामाग्री (पर्चा, पोष्टर आदि) नेपाली र अन्य उपयुक्त स्थानीय भाषामा उपलब्ध छन् ? | | | |
| १०.४ के यस केन्द्रमा लैङ्गिकतामा आधारित हिंसा तथा यौन शोषण एवं दुर्व्यवहार रोकथामसम्बन्धी युएनको सम्पर्क व्यक्तिका सम्पर्क नम्बर छन् ? ( युएन र यसका कार्यान्वयन साझेदारहरूले सहयोग गरेका क्वारेन्टिन स्थलका लागि) | | | |
| १०.५ के यहाँका कर्मचारीहरू गोपनियता र प्रभावित-केन्द्रित विधिहरू, जस्तै सिफारिस र संरक्षणका उचित संयन्त्रबारे जानकार छन् ? | | | |
| १०.६ यौन शोषण वा दुर्व्यवहार भएको अवस्थामा कसलाई सूचित गर्ने र अन्य आवश्यक सेवाहरू कहाँबाट प्राप्त गर्ने भन्नेबारे कर्मचारीहरूमा राम्रो जानकारी छ ? | | | |